# शितगंगा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय,
## ठाडा अर्घाखाँची

# खानेपानी नियमावली, २०७६

शितगंगा खानेपानी ऐन, २०७६ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरपालिकाले देहायको नियम बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "शितगंगा नगरपालिकाको खानेपानी नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले खानेपानी ऐन, २०७६ सम्झनु पर्दछ ।

(ख) "नगर खानेपानी समिति" भन्नाले नियम ८ बमोजिमको नगर खानेपानी समिति सम्झनु पर्दछ ।

(ग) "अनुमतिपत्र" भन्नाले नियम १४, २० वा २४ बमोजिम दिइने अनुमतिपत्र सम्झनु पर्दछ ।

(घ) "सर्वेक्षण" भन्नाले खानेपानी उपयोगको लागि गरिने सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेत सम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता" भन्नाले खानेपानीसँग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(च) "सेवा शुल्क" भन्नाले यस नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले उपलब्ध गराएको खानेपानीसँग सम्बन्धित सेवा उपयोग गरे बापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्दछ ।

परिच्छेद- २

उपभोक्ता संस्था

३. उपभोक्ता संस्थाको गठन : संस्थागत रूपमा खानेपानीको उपयोग गर्न चाहने व्यक्तिहरूले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन् । यसरी गठन गर्दा ३३ प्रतिशत महिला सहित समावेशी तरिकाले गठन गर्नु पर्नेछ ।

४. <u>उपभोक्ता संस्था दर्ताको लागि दरखास्त दिनुपर्ने</u> : नियम ३ बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरूमध्येबाट कम्तीमा सात जना उपभोक्ताहरूले अनुसूची - १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र एक हजार रुपैयाँ दस्तुर सहित नगर खानेपानी समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

५. <u>विधानमा खुलाउनु पर्ने विवरणहरू</u> : नियम ४ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरू खुलाउनु पर्नेछ :

(क) पूरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्य क्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) हक दावी, नामसारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य तथा अधिकार सम्बन्धी),

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखा परीक्षण,

(ट) विधान संशोधन,

(ठ) विघटन,

(ड) विविध ।

<u>६. दर्ता र प्रमाण पत्रः</u> (१) नियम ४ बमोजिम पर्न आएको दरखास्त उपर नगर खानेपानी समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा नगर खानेपानी समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरू यसै नियमावली बमोजिम दर्ता भएका मानिनेछन् ।

७. विधान संशोधनः उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा नगर खानेपानी समितिमा पेश गर्नु पर्नेछ र नगर खानेपानी समितिले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

परिच्छेद-३

खानेपानीको उपयोग सम्बन्धी व्यवस्था

८. नगर खानेपानी समितिको गठनः (१) यस नगरपालिका भित्र रहेको खानेपानीको उपयोगको लागि ऐनको दफा ८ को उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि यस नगरपालिकामा एक नगर खानेपानी समिति रहनेछ ।

(२) नगर खानेपानी समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन् :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप- प्रमुख - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) नगरपालिका खानेपानी शाखा प्रमुख - सदस्य

(ङ) नगर पालिका प्राविधिक शाखा प्रमुख - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(छ) सामाजिक विकास समितिको सदस्य सचिव - सदस्य सचिव

९. नगर खानेपानी समितिको बैठक सम्बन्धी कार्यविधिः

(१) नगर समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता नगर खानेपानी समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा नगर खानेपानी समितिको सदस्यहरू मध्ये सवै भन्दा माथिल्लो पदको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) नगर खानेपानी समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) नगर खानेपानी समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाइ सदस्यहरूको मतलाई नगर खानेपानी समितिको निर्णय मानिनेछ ।

(५) नगर खानेपानी समितिको निर्णय नगर खानेपानी समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) नगर खानेपानी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि नगर खानेपानी समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. नगर खानेपानी समितिको संयुक्त बैठक : (१) खानेपानी उपयोगसँग सम्बन्धित कुनै काम एक भन्दाबढी नगरपालिका/गाउपालिका सँग सम्बन्धित भएमा सम्बन्धित सवै समितिहरूको संयुक्त बैठकले यो नियमावली बमोजिमको अधिकारको प्रयोग गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको संयुक्त नगर खानेपानी समितिको बैठकको अध्यक्षता सम्बन्धित खानेपानी सम्बन्धी परियोजनाको संरचना वा त्यसको मुख्य भाग जुन नगर खानेपानी समितिको कार्य क्षेत्रभित्र पर्छ सोही नगर खानेपानी समितिको अध्यक्षले गर्नेछ ।

११. नगर खानेपानी समितिको सचिवालयः नगर खानेपानी समितिको सचिवालय सम्बन्धित कार्य यस नगरपालिकाको सामाजिक विकास शाखामा रहनेछ ।

१२. खानेपानीको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिन (१) खानेपानी उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरू खुलाइ नगर खानेपानी समिति समक्ष दुई प्रति विधान सहित दरखास्त फारम दिनु पर्नेछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(ङ) सर्वेक्षण गरिने खानेपानीको क्षेत्र,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र सञ्चालनको लागि समेत),

(छ) अन्य आवश्यक कुराहरू ।

(२) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची-८ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत बुझाउनु पर्नेछ ।

१३. दरखास्त उपर जाँचबुझः (१) नियम १२ बमोजिम दरखास्त परेपछि ऐन र यस नियमावली बमोजिम दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा नगर खानेपानी समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न नगर

खानेपानी समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त परेको मितिले पन्ध्र दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न नगर खानेपानी समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै ऐनको दफा ८ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

१४. सर्वेक्षण अनुमतिपत्र दिने : नियम १२ बमोजिम परेको दरखास्त उपर नियम १३ बमोजिम नगर खानेपानी समितिले आवश्यक जाँचबुझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-४ बमोजिमको ढाँचामा दरखास्तवालालाई खानेपानी उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

१५. सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्ने : नियम १४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र आफूले गरेको सर्वेक्षणका तीन प्रति प्रतिवेदन नगर खानेपानी समिति समक्ष पेश गर्नु पर्नेछ ।

१६. दोहोरो सर्वेक्षण अनुमतिपत्र नदिइने : नियम १४ बमोजिम दिइएको सर्वेक्षण अनुमतिपत्रमा उल्लेखित अवधिभर सोही क्षेत्रमा सोही कामको सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई दोहोरो पर्ने गरी अनुमतिपत्र दिइने छैन ।

१७. खानेपानी उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिने : (१) खानेपानी उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरू खुलाइ नगर खानेपानी समिति समक्ष दुइ प्रति दरखास्त फाराम दिनु पर्नेछः

(क) परियोजनाको विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरूको नाम, थर र वतन समेत स्पष्ट रूपमा खुलाउनु पर्छ ।

(ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरूको विवरण),

(ग) घर जग्गाको उपयोग वा प्राप्ती (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरूको लगत),

(घ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरू तथा खानेपानीमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरू, परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरू, सुरक्षात्मक व्यवस्थाहरू तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरूलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रूपमा खुलाउनु पर्छ),

(ङ) अन्य आवश्यक कुराहरू ।

१८. दरखास्त उपर जाँचबुझः (१) नियम १७ बमोजिम दरखास्त प्राप्त भएपछि ऐन र यस नियमावली बमोजिम दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा नगर खानेपानी समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपयिनम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न नगर खानेपानी समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न नगर खानेपानी समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै ऐनको दफा ८ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

१९. सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने : (१) नियम १७ बमोजिम खानेपानीको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि नगर खानेपानी समितिले नियम १८ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरू खुलाइ सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि खानेपानीको उपयोग सम्बन्धि परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरू खुलाइ सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित नगर खानेपानी समिति समक्ष जो सुकैले पनि मन्तव्य दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई बिचार गरी नगर खानेपानी समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नुपर्ने कुराहरू अनुमतिपत्र दिँदा तोकी दिनेछ ।

२०. <u>अनुमतिपत्र दिने</u> : नियम १७ बमोजिमको दरखास्त उपर नियम १८ र १९ बमोजिमको कार्यविधि पूरा गरी गराइ नगर खानेपानी समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्तवालालाई खानेपानीको उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

२१. <u>सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने</u>: नियम १४ बमोजिम सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले आफूले गरेका सर्वेक्षण बमोजिम खानेपानीको उपयोग सम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षण कार्य पूरा गर्नुपर्ने म्याद भित्रै नियम १७ बमोजिमका विवरणहरू खुलाइ दरखास्त दिएमा यस नियमावलीको अन्य व्यवस्थाहरूको अधीनमा रही दरखास्तवालालाई प्राथमिकताका साथ नियम २० बमोजिम खानेपानी उपयोगको अनुमतिपत्र दिन सकिनेछ ।

२२. <u>खानेपानी माथि अधिकार कायम हुन</u> : यस नियमावली बमोजिम खानेपानी उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थालाई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

२३. <u>कार्य शुरु गर्नुपर्ने अवधि</u> : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिनाभित्र र खानेपानीको उपयोग सम्बन्धी कार्य सञ्चालनको हकमा एक वर्षभित्र भौतिक रूपमा कार्य शुरु गरी सोको जानकारी सम्बन्धित नगर खानेपानी समितिलाई दिनु पर्नेछ । तर म्यादभित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा सम्बन्धित नगर खानेपानी समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य शुरु भएपछि प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म सम्बन्धित नगर खानेपानी समिति समक्ष पठाउनु पर्नेछ ।

२४. नयाँ अनुमतिपत्र लिनुपर्ने : (१) ऐन प्रारम्भ हुनु अगावै देखि खानेपानीको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि नियम १७ मा उल्लेखित विवरणहरू खुलाइ ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र सम्बन्धित नगर खानेपानी उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित नगर खानेपानी समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची-७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

२५. अनुमतिपत्र दस्तुर : यो नियमावली बमोजिमको खानेपानीको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची-८ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

२६. अनुमतिपत्र नवीकरण गर्नेः (१) यो नियमावली बमोजिम खानेपानी सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्रको नवीकरण गर्नु पर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनुसूची-८ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

२७. अनुमतिपत्र विक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा यस नगर खानेपानी समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर सम्बन्धित नगर खानेपानी समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा विक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद-४

## खानेपानी उपयोगको विवाद सम्बन्धी जाँचबुझ

२८. खानेपानी उपयोग जाँचबुझ समिति : (१) खानेपानीको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायका अध्यक्ष तथा सदस्यहरू भएको एक खानेपानी उपयोग जाँचबुझ समिति रहनेछ :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप- प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(२) दुई वा दुई भन्दा बढी पालिकाहरू बीच खानेपानीको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा उपनियम (१) को खण्ड (ख) बमोजिम विवादसँग सम्बन्धित प्रत्येक नगर/गाउँ पालिकाको नगर खानेपानी समितिको एक एक जना प्रतिनिधिहरू रहनेछन् ।

(३) उपनियम (१) बमोजिमको खानेपानी श्रोतको उपयोग जाँचबुझ समितिले खानेपानीको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा देहायको कार्यविधि अपनाउनेछ ।

(क) खानेपानी उपयोगको परियोजनाबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरूबीच खानेपानी उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धी कुनै परियोजना सञ्चालन गरेबाट स्थानीय व्यक्तिहरूलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित सबै अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरूलाई छुट्टाछुट्टै वा सामूहिक रूपमा आफ्ना दावी पुष्ट्याइ हुने तथ्यहरू उल्लेख गरी लिखित जानकारी पेश गर्न मुनासिव माफिकको म्याद तोकी दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजनास्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतया देहायको विषयमा जानकारी लिनु पर्नेछ :

(अ) परियोजनाको कुल खर्च,

(आ) परियोजनाबाट हुने फाइदाको स्तर,

(इ) आयोजना सञ्चालन गर्दा सम्बन्धित जलस्रोतबाट उपयोग गरी रहेका व्यक्ति वा समूहलाई पर्न सक्ने असर,

(ई) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या,

(उ) परियोजना सञ्चालन गर्दा वातावरणमा पर्ने प्रभाव,

(ऊ) स्थानीय जनताको आवश्यकता,

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको प्रतिक्रिया,

(ऐ) अन्य आवश्यक कुराहरू ।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरूमा जानकारी प्राप्त गरेपछि सोको आधारमा खानेपानीको लाभदायक उपयोग भए नभएको र सो खानेपानी उपयोग गर्न पाउने कुराको निर्धारण गरिनेछ ।

(घ) उपनियम (३) को खण्ड (ग) बमोजिम खानेपानी उपयोग सम्बन्धी कुराको निर्धारण गर्दा खानेपानी उपयोग जाँचबुझ समितिले कुनै खानेपानीको उपयोग गर्ने शर्तहरू समेत तोक्न सक्नेछ ।

## परिच्छेद-५
## सेवा शुल्क सम्बन्धी

२९. वार्षिक शुल्क : अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले खानेपानीको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत नगरपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची-९ मा तोकिए बमोजिम हुनेछ ।

३०. सेवा शुल्क निर्धारण समिति : (१) नेपाल सरकारले विकास गरेको जलस्रोतको उपयोगको सेवा शुल्क निर्धारण गर्न र निर्धारित समयभित्र सेवा शुल्क नबुझाउन उपभोक्ताले तिर्नुपर्ने अतिरिक्त सेवा शुल्कको दर समेत निर्धारण गर्न देहायका अध्यक्ष तथा सदस्यहरू भएको एक सेवा शुल्क निर्धारण समिति रहनेछः

(क) नगर कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य -अध्यक्ष

(ख) उपभोक्ताहरू मध्येबाट कार्य पालिकाले तोकेको - सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको व्यक्ति -सदस्य सचिव

(२) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैले गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा ह्रासकट्टी दर, उपयुक्त लाभ, संरचनाको तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

३१. सेवा शुल्क बुझाउनु पर्ने : खानेपानीको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरूले सेवा उपयोग गरे वापत नियम ३० को उपनियम (३) बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरूको दायित्व हुनेछ ।

## परिच्छेद-६

## घर जग्गा प्राप्ती तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

३२. निवेदन दिनुपर्ने : ऐनको दफा १५ को उपदफा (१) बमोजिम खानेपानीको उपयोगको लागि अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिका समक्ष अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

३३. परियोजनास्थल वरिपरीको जग्गा प्रयोग गर्न निषेध गर्न सक्ने : (१) ऐनको दफा १६ को उपदफा (३) को प्रयोजनको लागि नगरपालिकाले खानेपानीको उपयोग सम्बन्धी परियोजनाको किसिम, बनोट, क्षमता आदि कुराहरूलाई ध्यानमा राखी त्यस्तो परियोजना क्षेत्रभित्रका घरजग्गा कुनै खास कामको लागि अरू कसैले प्रयोग गर्न नपाउने गरी निश्चित दूरी तोकी निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको कुराको सूचना नगरपालिकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धित परियोजना क्षेत्रको मुख्य मुख्य ठाउँ, परियोजना कार्यालय, सम्बन्धित वडा समिति वा नगरपालिका, जिल्ला प्रशासन कार्यालय आदीमा समेत टाँस्न लगाउनु पर्नेछ ।

३४. <u>क्षतिपूर्ति दिइने</u> : (१) नियम ३३ बमोजिम घरजग्गा प्रयोग गर्न निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई भएको हानी नोक्सानी वापत दिइने क्षतिपूर्ति को रकम नियम ३५ को उपनियम (२) बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) घरजग्गाको प्रयोगमा थप बन्देज लगाउनु पर्ने अवस्था परेकोमा बाहेक उपनियम (१) बमोजिम दिइने क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्तिलाई एकै पटक मात्र दिइनेछ ।

३५. <u>क्षतिपूर्ति निर्धारण समिति</u> : (१) ऐनको दफा १० को उपदफा (३) बमोजिम दिनुपर्ने क्षतिपूर्तिको रकम निर्धारण गर्न देहायका अध्यक्ष र सदस्यहरू भएको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप - प्रमुख - सदस्य

(ग) सम्बन्धित वडाका वडा अध्यक्षहरु - सदस्य

(२) ऐनको दफा १४/१५ बमोजिम दिनुपर्ने क्षतिपूर्तिको रकम निर्धारण गर्ने प्रयोजनको लागि उपनियम (१) मा तोकिएको समितिमा देहायका व्यक्तिहरू समेत सदस्य रहनेछन्:

(क) हानी नोक्सानी भएको अचल सम्पत्तिको धनी वा - सदस्य

(ख) हानी नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रका सम्बन्धित जिल्ला मालपोत कार्यालयको प्रतिनिधि - सदस्य

(ग) हानी नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको वडा सदस्य - सदस्य

(३) उपनियम (१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्तिको रकम निर्धारण गर्दा प्रत्यक्ष तथा वास्तविक हानी नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्तिको रकम निर्धारण गर्नु पर्नेछ ।

(४) क्षतिपूर्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैँले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-७
## <u>विविध</u>

३६. अधिकारी तोकिएको : (१) ऐनको दफा २० को प्रयोजनको लागि सम्बन्धित नगर खानेपानी समितिलाई अधिकारी तोकिएको छ ।

(२) कुनै खानेपानी प्रदूषित भए नभएको वा कुनै खानेपानीको उपयोगको सम्बन्धमा ऐनको दफा १७ को उपदफा (१) बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा परीक्षण गर्ने गराउने अधिकार यस नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीलाई हुनेछ ।

(३) ऐनको दफा २१ को उपदफा (१), (२) र (३) बमोजिम सजाय गर्ने प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई तोकिएको छ ।

३७. सहयोग पुऱ्याउनु पर्ने : आफ्नो कार्य सम्पादनको सिलसिलामा नगर खानेपानी समितिले खानेपानीसँग सम्बन्धित निकायबाट आवश्यकता अनुसार खानेपानी सम्बन्धी तथ्याङ्कहरू माग गर्न सक्नेछ र माग भए बमोजिमको तथ्याङ्कहरू उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

३८. दुर्घटनाको सूचना : (१) अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले खानेपानीको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा नगर खानेपानी समितिलाई तुरुन्त सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाका कारण पत्ता लगाउन नगर खानेपानी समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिने अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थालाई आदेश दिन सक्नेछ र यस्तो आदेश पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाको कर्तव्य हुनेछ ।

३९. यस नगरपालिकाले निर्देशन दिन सक्ने : यस नगरपालिकाले खानेपानीको उपयोग सम्बन्धमा नगर खानेपानी समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु नगर खानेपानी समितिको कर्तव्य हुनेछ ।

४०. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने : नगरपालीकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

अनुसुची-१

(नियम ४ सँग सम्बन्धित) निवेदन पत्रको ढाँचा

श्री अध्यक्षज्यू,

शितगंगा नगर खानेपानी समिति

ठाडा, अर्घाखाँची

महोदय,

हामीले.................................................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकाले नगर खानेपानी ऐन, २०७६ को दफा ५ तथा खानेपानी नियमावली, २०७६ को नियम ४ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाइ प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र एक हजार दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण:

१. उपभोक्ता संस्थाको नाम:

२. कार्यक्षेत्र:

३. उद्देश्यहरू:

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम ठेगाना पेशा

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

५. उपयोग गरिने खानेपानीको विवरण:

(क) खानेपानीको नाम र रहेको ठाउँ:

(ख) खानेपानीबाट गरिने प्रयोग:

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको खानेपानीको परिमाण:

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग:

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण:

(क) सेवाको किसिम:

(ख) सेवा पुऱ्याउने क्षेत्र:

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या:

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

७. आर्थिक स्रोतको विवरण:

८. कार्यालयको ठेगाना:

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सही:

नाम:

पद:

ठेगाना:

अनुसुची-२

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित) उपभोक्ता संस्था दर्ता प्रमाणपत्र

दर्ता मितिः दर्ता नम्बरः

# शितगंगा नगरपालिका खानेपानी समिति

श्री ...............................

...................................

..............................(सम्बन्धित उपभोक्ता संस्थाको नाम) शितगंगा नगर खानेपानी ऐन, २०२०७६ को दफा ५ को उपदफा (२) तथा खानेपी नियमावली, २०७६ को नियम ६ को उपनियम (१) बमोजिम..................साल....................महिना................गते यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, खानेपानी ऐन, २०७६ र खानेपानी नियमावली, २०७६ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

सहीः

नाम, थरः

पदः

अनुसुची-३

(नियम १२ को उपनियम (१) सँग सम्बन्धित)

जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त

मिति :....................

श्री अध्यक्षज्यू,

शितगंगा नगर खानेपानी समिति,

ठाडा, अर्घाखाँची ।

पानीको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन खानेपानी नियमावली, २०७६ को नियम १२ बमोजिम देहायको विवरण खुलाइ यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्ने क्षेत्रः

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु..........

(पुष्ट्याइँ विवरण संलग्न गर्नुपर्नेछ)

५. सर्वेक्षण गर्ने अवधिः

६. अन्य विवरणहरू (खानेपानी नियमावली, २०७६ को नियम १२ बमोजिम) माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको

नाम र थर :

सही :

पद :

ठेगानाः

अनुसुची-४
(नियम १४ सँग सम्बन्धित) खानेपानीको उपयोगको सर्वेक्षण अनुमतिपत्र

शितगंगा नगर खानेपानी समिति

अनुमतिपत्र संख्या

मिति :…………………

श्री…………………………
……………………………

महाशय,

तपाईंलाई खानेपानीको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली खानेपानी नियमावली, २०७६ को नियम १४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगाना :

२. खानेपानी सर्वेक्षणको उद्देश्य

३. खानेपानी सर्वेक्षणको क्षेत्र

४. सर्वेक्षण गर्ने अवधि

५. अनुमतिपत्र बहाल रहने अवधि

अनुमतिपत्र दिने अधिकारीको

नाम :

सही :

पद :

अनुसुची-५
(नियम १७ सँग सम्बन्धित)

खानेपानीको उपयोगको अनमुतिपत्रको लागि दरखास्त

मिति :................

श्री अध्यक्षज्यू,

शितगंगा नगर खानेपानी समिति, ठाडा, अर्घाखाँची ।

पानीको उपयोगको निमित्त अनुमतिपत्र पाउन खानेपानी नियमावली, २०७६ को नियम १७ बमोजिम देहायका विवरणहरू समेत खुलाइ यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:

२. उद्देश्य:

३. उपयोग गर्न खोजेको पानीको परिमाण र उपयोग गर्ने प्रयोजन:

४. प्रस्तावित पानीको उपयोग गर्ने ठाउँ:

५. पानीको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफल:

६. प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभ:

७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या:

८. खानेपानीको उपयोगको लागि लाग्ने अनुमानित रकम र सो को स्रोत:

९. खानेपानी उपयोग गर्ने तरिका:

१०. खानेपानीको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग:

११. अन्य विवरणहरू:

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप
सम्बन्धित व्यक्ति वा संगठित संस्थाको
तर्फबाट दरखास्त दिने व्यक्तिको
नाम, थर:
सही:
पद:
ठेगाना:

अनुसुची-६
(नियम २० सँग सम्बन्धित)
पानीको उपयोगको अनुमतिपत्र

# शितगंगा नगर खानेपानी समिति

अनुमतिपत्र संख्या

मितिः.................

श्री अध्यक्ष जू

नगर खानेपानी समिति, ठाडा अर्घाखाँची ।

महाशय,

तपाईंलाई पानीको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली पानीको नियमावली, २०७६ को नियम २० बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. पानीको उपयोगको उद्देश्यः

३. पानीको नाम, किसिम र रहेको स्थानः

४. उपयोग गर्न पाउने पानीको परिमाणः

५. पानीको उपयोगको क्षेत्रः

६. पानीको उपयोग गर्ने तरिकाः

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

८. अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको

नामः

सहीः

पदः

अनुसुची-७

(नियम २४ को उपनियम (२) सँग सम्बन्धित)

जलस्रोतको उपयोगको अनुमतिपत्र

# शितगंगा नगर खानेपानी समिति

अनुमतिपत्र संख्या

मितिः............

श्री ..............................
..................................

महाशय,

तपाईंले अनुमतिपत्र पाउन मिति .....................मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरू खुलाइ खानेपानी ऐन, २०७६ को दफा ८ को उपदफा (३) र खानेपानी नियमावली, २०७६ को नियम २४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. पानीको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. पानीको उपयोगसँग सम्बन्धित परियोजनाको नाम र किसिमः

   (प्रत्येक उपयोगसँग सम्बन्धित)

३. पानीको नाम र रहेको स्थानः

४. पानीको उपयोग भएको परिमाणः

५. पानीको उपयोगबाट उपलब्ध गराइएको सेवा र त्यसको बिस्तार क्षेत्रः

   अञ्चल.............................जिल्ला.................... नगरपालिका...................

६. उपभोक्ता संख्या र त्यसको किसिमः

७. सेवा उपलब्ध गराउन शुरु गरेको मितिः

८. अनुमतिपत्र बहाल रहने अवधिः

९. अन्य शर्तहरूः

अनुमतिपत्र दिने अधिकारीको
नामः
सहीः
पदः

अनुसुची-८

(नियम १२ को उपनियम (२) नियम २५ र नियम २६ को उपनियम (२) सँग सम्बन्धित)

अनुमतिपत्र दस्तुर

| पानी उपयोगको किसिम | दस्तुर |
|---|---|
| (क) खानेपानी र घरेलु उपयोग | रु. १०००।- |
| (ख) सिँचाइ | रु. २०००।- |
| (ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु. १०००।- |
| (घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु. २०००।- |
| (ङ) जल यातायात | रु. ५०००।- |
| (च) आमोद प्रमोदजन्य उपयोग | रु. ५०००।- |
| (छ) अन्य उपयोग | रु. ५०००।- |

अनसुची-९

(नियम २९ सँग सम्बन्धित)

<u>पानीको उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क</u>

१. सिँचाइको हकमा

(क) दुई हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न प्रति हेक्टर रु. एकका दरले अधिकतम रु. ५०००।-

(ख) दुई हजारदेखि पाँच हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु. १००००।-

(ग) पाँच हजारदेखि दस हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु. १५०००।-

(घ) दस हजारदेखि पन्ध्रहजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु. २००००।-

(ङ) पन्ध्र हजारदेखि बीस हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु. २५०००।-

(च) बीस हजारदेखि पच्चीस हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु. ३००००।-

(छ) पच्चीस हजार हेक्टर भन्दाबढी सिँचाइ गर्न रु. ३५०००।-

२. खानेपानीको हकमा

(क) दुई हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १०००।-

(ख) दुई हजारदेखि पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २०००।-

(ग) पाँच हजारदेखि दस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ५०००।-

(घ) दस हजारदेखि पन्ध्र हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १००००।-

(ङ) पन्ध्र हजारदेखि बीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १५०००।-

(च) बीस हजारदेखि पच्चीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २००००।-

(छ) पच्चीस हजार भन्दाबढी जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २५०००।-

३. कृषिजन्य उपभोगको लागि रु.२,०००।-देखि २०,०००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

४. घरेलु उद्योगको लागि रु.२,०००।- देखि २०,०००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु.५,०००।- देखि ५०,०००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. आमोद प्रमोदजन्य प्रयोगको लागि रु.१,०००।-देखि १०,०००।- सम्म वार्षिक कारोवारको आधारमा ।

७. अन्य प्रयोगको लागि रु.५,०००।- देखि १०,०००।-सम्म वार्षिक कारोवारको आधारमा ।

अनुसची-१०

(नियम ३२ सँग सम्बन्धित)

<u>जग्गा उपयोग वा प्राप्तिको लागि दरखास्त</u>

मिति.....................

श्रीमान् नगर खानेपानी समिति

शितगंगा न.पा. ठाडा, अर्घाखाँची ।

महोदय,

पानीको उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नका लागि तपसिलमा उल्लेखित घर जग्गा उपयोग गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने भएकोले नियमानुसार उपयोग गर्न पाउने गरी वा प्राप्त गराइ पाउन यो दरखास्त पेश गरेको छु ।

तपसिल

संगठित सस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित

संस्थाको तर्फबाट दरखास्त दिनेको

नाम थरः

सहीः

पदः

ठेगानाः